# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
## लहरेपौवा, रसुवा ।

# न्यायिक समिति आ.व.२०८२।०८३ को बार्षिक कार्यसम्पादन प्रतिवेदन

आ.ब.२०८२ साउन १ गते देखि २०८३ असार ९ गते सम्म

चमेली गुरुङ
उपाध्यक्ष

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा २१७ तथा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ४६ बमोजिम व्यवस्था भएको यस न्यायिक समितिले आफ्नो क्षेत्रभित्रका विवादहरु निरुपण र मेलमिलाप गराउँदै आएको छ। पालिकाबासीलाई छिटो,छरितो,सर्वसुलभ र निष्पक्ष न्याय प्रदान गर्न समिति प्रतिबद्ध छ। यसै सन्दर्भमा आर्थिक बर्ष २०८२।०८३ मा समिति तथा वडा मेलमिलापकेन्द्रहरुमा प्राप्त उजुरी,तथा तिनको फर्छ्योट,मेलमिलाप र अन्य न्यायिक गतिविधि समेटेर यो प्रतिवेदन गाउँ सभा समक्ष पेस गरिएको छ ।

## २. न्यायिक समितिको गठन विवरण

- संयोजक (उपाध्यक्ष ) श्री चमेली गुरुङ्ग
- श्री सदस्य बाशुदेव न्यौपाने
- श्री सदस्य सुमित्रा पौडेल

## ३. आर्थिक वर्षको विवाद सम्बन्धी संक्षिप्त तथ्याङ्क

न्यायिक समितिमा दर्ता भइ अन्तिम भएका र कार्यान्वयनमा रहेका विवादहरु

| क्र.सं | सम्पादन गरेको विवाद | अघिललो बर्षबाट सरि आएको विवाद | आ.ब.२०८२।०८३ मा दर्ता | मिलापत्र | निर्णय | कार्यान्वयन |
|---|---|---|---|---|---|---|
| १ | लेनदेन । | १ | | १ | | |
| २ | अपुताली हक । | | १ | १ | | |
| ३ | अरुको सम्पत्तिलाई असर पर्ने गरी रुख लगाएको । | | १ | १ | | |
| ४ | सम्बन्ध बिच्छेद। | | ३ | ३ | | |
| ५ | लेनदेन | | ४ | ४ | | |
| ६ | गाली बेईज्जती | | १ | १ | | |
| ७ | जग्गा च्यापि मिचि वा घुसाई खाएको । | | १ | १ | | |
| | | जम्मा विवाद संख्या : १२ | | मिलापत्र : १२ | | ० |

चमेली गुरुङ
उपाध्यक्ष

## ४. सम्पादन गरिएका अन्य रचनात्मक कार्यहरु

- **मेलमिलापकर्ता संचालन :**
  गाउँपालिकाका सबै वडाहरुमा मेलमिलाप केन्द्र पुनर्गठन गरी मेलमिलापकर्ताहरु परिचालन गरिएको छ ।
- **क्षमता अभिबृद्धि :** मेलमिलापकर्ताहरु,केन्द्रका संयोजक तथा न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धिको लागि पुनर्ताजगी कार्यक्रम संचालन गरिएको छ ।
- मेलमिलापकर्ताहरुलाई आवस्यकिय स्टेशनरी उपलव्ध गराईएको छ ।
- मिलापत्र गरिएको विवादको मिलापत्र कार्यान्वयनको अनुगमन गरिएको छ ।
- दर्ता गरिएका सबै विवाद मिलापत्रबाट समाधान गरिएको छ ।

५ **निष्कर्ष :** स्थानिय स्तरमै न्यायमा सबैको पहुँच सरल सहज र कम खर्चिलो माध्यमबाट विवाद समाधान गर्न यस न्यायिक समितिले निरन्तर प्रयास गरिरहेको छ । यस कार्यमा सहयोग पुर्याउनुहुने न्यायिक समितिका सदस्यहरुज्यूहरु,गाउँपालिका अध्यक्षज्यू ,प्रमुख प्रशासकीय अधिकृतज्यू,कार्यपालिकाका सदस्यहरुज्यूहरु,वडाध्यक्षज्यूहरु मेलमिलापकेन्द्र संयोजकज्यूहरु ,मेलमिलापकर्ताहरु,सम्बन्धित कर्मचारी तथा यस कार्यमा सहजिकरण गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

प्रतिवेदन पेश गर्ने :

हस्ताक्षर :

(संयोजक)

उत्तरगया गाउँपालिका न्यायिक समिति

मिति : २०८३।०३।१० गते